निर्णयहरु :

१. विगतका निर्णयहरुको कार्यान्वयनको समीक्षा गर्दा कार्यान्वयन सन्तोषजनक रहेको पाइयो ।

२. यस बर्षको बसन्त र गृष्म ऋतु शुरु भैसकेको र यस सिजनमा हावा, हुरी चट्याङ, वन डढेलो, आगलागी जस्ता विपदका घटनाको उच्च जोखिम हुने हुंदा जिल्ला वन कार्यालय, जिल्लामा भएका सामूदायिक वन समितिहरु, सुरक्षा निकायहरु तथा सर्वसाधारण नागरिकहरु समेत परिचालन गरी वन क्षेत्रमा अग्नि रेखा बनाउने, वन क्षेत्र सफा गर्ने, निरन्तर गस्ति तथा अनुगमन गर्ने, सचेतना मूलक कार्यक्रमहरु संचालन गर्ने, स्थानीय तहका दमकलहरु पूर्ण तयारी अवस्थामा राख्ने र वन डढेलोमा संलग्न व्यक्तिहरुको पहिचान गरी कानून बमोजिम कारवाहीको दायरामा ल्याउने ।

३. विपद्जन्य जोखिमको पूर्वतयारी, प्रतिकार्य, राहत उद्धार लगायतका कार्यका लागि राष्ट्रिय विपद् व्यवस्थापन ऐन/नियम तथा तत्सम्बन्धी कार्यविधि र निर्देशिका अनुरुप स्थानीय तहहरुमा स्थानीय आपतकालीन कार्य संचालन केन्द्र (LEOC) स्थापना गरी २४ सै घण्टा संचालन गर्ने व्यवस्था मिलाउन स्थानीय तहहरुलाई अनुरोध गर्ने ।

४. यस जिल्ला सडक दुर्घटना जोखिमको हिसावले बढी संवेदनशील मानिएको तथा चोरी, डकैती लगायतका अन्य आपराधिक घटना घट्न नदिन तथा घटिहालेमा पनि अनुसन्धानमा टेवा पुऱ्याउन मूख्य मूख्य शहरी केन्द्र, मूख्य राजमार्गका चोकहरु, जिल्लाका मूख्य धार्मिक र रणनैतिक स्थानहरुमा CC Camera जडानको व्यवस्थाका लागि स्थानीय तहहरुलाई अनुरोध गर्ने ।

५. सिद्धबावा सडक खण्डलाई यथाशिघ्र मर्मत सम्भार गरी चालु हालतमा राख्ने व्यवस्था डिभिजन सडक कार्यालय पाल्पाले मिलाउने ।

६. जिल्ला भित्रका सबै कार्यालयहरु र स्थानीय तहहरुमा विपद् Focal person तोक्ने र त्यसको विवरण DEOC र LEOC हरुमा आद्यावधिक गरि राख्ने ।

७. सडक दुर्घटना नियन्त्रण र न्यूनिकरणका लागि यातायात सेवा कार्यालय पाल्पाले सार्वजनिक र निजी सवारी साधहरुको यान्त्रिक परिक्षण गर्ने व्यवस्थालाई तदारुकताका साथ कार्यान्वयन गर्ने तथा नेपाल प्रहरी र ट्राफिक प्रहरीले सीट भन्दा बढी यात्रु राख्न नदिने, Over load र Over speed नियन्त्रणमा ध्यान दिने ।

८. सडक यातायातलाई चुस्त, दुरुस्त र सुरक्षीत बनाउन सवै स्थानीय तह र सडक निर्माण सम्बन्धी कार्यालय/आयोजनाहरुले मर्मत संभारलाई उच्च प्राथमिकतामा राख्ने, स्थानीय तहहरुले मर्मत संभार कोषको व्यवस्था गरी आफू मातहतका सडकहरुलाई बाह्रै महिना चालु हालतमा राख्ने व्यवस्थाका लागि स्थानीय तहहरुलाई अनुरोध गर्ने ।

९. कार्यालय परिसर भित्र र वरिपरिका सुकेका र अन्य खतराजुन्य रुखहरु तथा सडक किनारका त्यस्ता रुखहरु जिल्ला वन कार्यालयले सुरक्षा निकायसंगको सहकार्यमा व्यवस्थापन गर्ने ।

बन्धु प्रसाद बास्तोला
प्रमुख जिल्ला अधिकारी

१०. विपद् राहतमा यस जिल्ला प्रशासन कार्यालयवाट मिति २०७९ श्रावण १ गते देखि हालसम्म विपद राहत खर्च रु १२,२०,५००/०० र प्रदेश सरकारवाट प्राप्त कोभिड मृतक राहत १६३ जनाको रु १ लाखका दरले १,६३,००,०००/०० गरी जम्मा कूल खर्च भएको रु. १,७५,२०,५००/०० (एक करोड पचहत्तर लाख बिस हजार पाँचसय) अनुमोदन गरियो । साथै विपदजन्य घटना भई कसैको मृत्यु भएमा पीडित परिवारलाई नेपाल सरकारको तर्फवाट दिइने राहत सम्भव भएसम्म तत्काल घटनास्थलमै पुगी हस्तान्तरण गर्ने व्यवस्था जिल्ला प्रशासन कार्यालयले मिलाउने ।

११. यस जिल्लाको तिनाउ गाउँपालिका वडा नं. २ दोभानमा संचालित श्री कालिका आ.वि.को राष्ट्रिय पुनर्निर्माण प्राधिकरणको आर्थिक तथा प्राविधिक सहयोगमा निर्माण भएको २ कोठे पक्की ट्रस भवन वि.सं. २०७८ सालको अविरल बर्षको कारण भूक्षय हुन गई भवन पूर्ण रुपमा क्षतिग्रस्त भई प्रयोग गर्न नमिल्ने तथा मर्मत सम्भार गरेर पनि उपयोगमा आउन नसक्ने देखिएकोले भवन भत्काउन गा.पा.को सिफारिस, प्रहरी मुचुल्का, विद्यालय व्यवस्थापन समितिको निर्णय सहित शिक्षा विकास तथा समन्वय इकाई पाल्पावाट सिफारिस भै आएकोले गाउँपालिकाले प्राविधिक मार्फत डिटेल मूल्यांकन गरी मर्मत सम्भार हुन नसक्ने र नभत्काई यथावत राख्दा दुर्घटनाको जोखिम हुने देखिएमा प्राविधिक प्रतिवेदनको आधारमा उचित व्यवस्थापन गर्न तिनाउ गाउँपालिकालाई अनुरोध गर्ने ।

बन्धु प्रसाद बास्तोला
प्रमुख जिल्ला अधिकारी